चेलापन - परिशिष्ट १८

[प्रभुत्व]
परमेश्वरको इच्छा पत्ता लगाउने सन्दर्भमा गलत अवधारणाहरू

प्राय: इसाईहरू परमेश्वरको इच्छा जान्न र बुझ्नको निम्ति सङ्घर्ष गर्ने गर्छन्। परमेश्वरको इच्छा पत्ता लगाउने सन्दर्भमा निम्नलिखित गलत अवधारणाहरूको अध्ययनले परमेश्वरको इच्छा राम्रोसँग जान्न र बुझ्न सहायता गर्नेछ।

१. परमेश्वर पितामाथि भरोसा गर्न असक्षम हुनु

(१) गलत धारणा

यदि मैले आफूलाई परमेश्वरको इच्छामा दिएँ भने त्यसले बलिदान अथवा दु:ख-कष्टजस्ता नतिजा ल्याउनेछ। त्यसकारण म परमेश्वरमा साँच्चै भरोसा गर्न सक्दिनँ।

(२) सुधार

हामी तोडिएका मानिसहरू भएको यस तोडिएको संसारमा बस्ने भएकोले हामी हरेकलाई विभिन्न किसिमका दु:ख-कष्ट आइपर्छ (इसाई र गैर-इसाई दुबैलाई)। इसाईहरूको पीडा र दु:ख-कष्ट येशू ख्रीष्टको दोस्रो आगमनमा अन्त हुनेछ (प्रकाश २१:४-५)। विशेषगरी तोडिएको अथवा दुरुपयोग गरिएको परिवारहरूबाट आएका मानिसहरूलाई परमेश्वर पिता हुनुहुन्छ भनी भरोसा गर्न गाह्रो हुन्छ, किनभने कहिलेकाहिँ तिनीहरूका मानवीय पिताहरूले तिनीहरूलाई दुरुपयोग गरेका हुन्छन् अथवा कहिले तिनीहरूका पिता सधैँ अनुपस्थित भएका हुन्छन्।

बाइबलमा, परमेश्वर पिता सांसारिक पिताहरूभन्दा निकै फरक हुनुहुन्छ। "जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरू निको पार्नुहुन्छ, जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ, जसले, तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्। थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धार्मिकता र न्यायको काम गर्नुहुन्छ। उहाँले मोशालाई आफ्ना मार्ग, र इस्राएलीहरूलाई आफ्ना काम प्रकट गर्नुभयो। परमप्रभु टिठालु र अनुग्रही क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ। उहाँले सधैँ दोष लगाइरहनुहुन्न, उहाँले सधैँभरि क्रोध पनि लिइराख्नुहुन्न। उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न। किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ। जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ" (भजन १०३:८-१४)। किनकि परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न। उहाँले अनाथ र विधवाहरूलाई समर्थन गर्नुहुन्छ, र प्रवासीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई भोजन र वस्त्र दिनुहुन्छ। (व्यवस्था १०:१७-१८)। परमेश्वरले अनाथहरूको समर्थन गर्नुहुन्छ भन्ने कुरालाई ध्यान दिनुहोस्। परमेश्वरले विगतमा तपाईंको निम्ति गर्नुभएको सुन्दर कुराहरू र तपाईंको निम्ति उहाँका प्रतिज्ञाहरू स्मरण गर्नुहोस् र अब के होला भन्ने डरलाई हटाउनुहोस्। "मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ" (फिलिप्पी १:६)।

२. परमेश्वरबाट चिन्ह माग्नु

(१) गलत धारणा

मैले परमेश्वरबाट चिन्ह प्राप्त गरेँ, त्यसकारण यो परमेश्वरको इच्छा हो भनी म जान्दछु।

(२) सुधार

न्यायकर्ता ६:११-२२ मा परमेश्वरले पहिले गिदोनलाई काम दिनुभयो: उसले पहिले इस्राएललाई बाल देबतालाई पुज्नबाट छुटाउनुपर्थ्यो र त्यसछि मिद्यानीहरूबाट स्वतन्त्र गर्नुपर्थ्यो।

गिदोनलाई यो काम दिइएपछि, उसको कामलाई पक्का गर्न उसले परमेश्वरसँग चिन्ह माग्यो! स्वर्गदूतद्वारा परमेश्वरले उसलाई शक्तिशाली तरिकाले चिन्ह दिनुभयो: चट्टानबाट आगो निस्कियो र उसको बलिदनालाई भस्म पारिदियो। तसर्थ, चिन्ह मानिसले मनमानी ढङ्गमा माग्ने होइन, तर परमेश्वरले दिनुभएको विशेष कामलाई पक्का गर्नु हो! इसाईहरूले परमेश्वरसँग चिन्ह माग्नुभन्दा पहिले परमेश्वरले तिनीहरूलाई दिनुहुने विशेष कामको प्रतिक्षा गर्नुपर्दछ।

न्यायकर्ता ६:३६-४० मा गिदोनले आफ्नो अघिल्लो कामहरूलाई पक्का गर्न दुइपटक चिन्हहरू मागे: पहिलो वरिपरिको जमिन सुख्खा हुदाँ भेडाको ऊन शितले भिज्नुपर्ने थियो। त्यसपछि वरिपरिको जमिन शितले भिज्दा भेडाको ऊन सुख्खा रहनुपर्ने थियो।

- पहिले परमेश्वरले काम दिनुभयो।
- त्यसपछि आफूले दिएको कामलाई पक्का गराउने परमेश्वरले चिन्ह दिने निर्णय गर्नुभयो।
- अन्तमा, सानो विश्वास भएकोले गर्दा, गिदोनले परमेश्वरले दिनुएको कामलाई पक्का गर्न दोस्रोपटक चिन्ह माग्यो र परमेश्वरले त्यसलाई पूरा गरिदिनुभयो

यी तीन चिन्हहरू परमेश्वरको मुक्तिको इतिहासमा आफ्नो जन इस्राएलीहरूप्रति परमेश्वरको अद्वितीय अलौकिक कामहरू थिए र इसाईहरूले आफ्नो व्यक्तिगत जीवनमा परमेश्वरसँग मनमा लागेको चिन्ह माग्ने आत्मिक सिद्धान्त होइन!

उत्पत्ति २४:१२-१४ मा अब्राहामको नोकरले इशहाकको पत्नी हुन योग्य केटीको निम्त चिन्ह दिनुहोस् बनी परमेश्वरसँग प्रार्थना गऱ्यो। यो घटनामा उक्त नोकरले नै चिन्हको ढाँचा निर्धारण गऱ्यो। उक्त केटीले उसलाई पानि पिउन दिनेछ र त्यसपछि उसको ऊँटहरूलाई पनि पानी दिनेछ। तर यहाँ ध्यान दिनुहोस्, कि उक्त नोकरले मागेको चिन्हलाई परमेश्वरले मात्र पक्का गर्नुभएन, किनभने केटीको पिता (५०-५१ पद) र पछि स्वयम् केटीले (५७-५८ पद) विवाहको प्रस्तावलाई स्वीकार गर्न मञ्जुर गरे!

यदि इसाईहरूले अहिले परमेश्वरको अगुवाइलाई आफूलाई व्यक्तिगतरूपमा मनलागेको चिन्ह माग्ने कुरामा सीमित पार्छन् भने, चिन्हहरू माग्ने कुरा चलाकीसाथ आफ्नै फाइदा उठाउने छलपूर्ण कार्य हुनजान्छ। त्यसपछि परमेश्वरको बुद्धि पत्ता लगाउन इसाईहरूले परमेश्वरको वचन (बाइबल) अध्ययनमा भन्दा आफूले चाहेको परिस्थितिहरूद्वारा परमेश्वरसँग चिन्ह माग्न बढी समय बिताउनेछन्।

३. परमेश्वरबाट आउने बोलावटको प्रतिक्षा गर्नु

(१) गलत धारणा

मैले परमेश्वरको सेवा गर्नुभन्दा पहिले उहाँले दिनुहुने विशेष बोलावको प्रतिक्षा गर्नैपर्छ।

(२) सुधार

सांसारिक काममा (शिक्षकको काममा) परमेश्वरको सेवा गर्न चाहने इसाईहरूभन्दा परमेश्वरको पूर्णकालिन सेवामा जाने (मिसेनरी बन्ने) इसाईहरूलाई बढी मात्रामा विशेष किसिमको बोलावटको आवश्यक्ता पर्दैन।

बाइबलले भन्दछ, "तिम्रा आँखाले देखेका कुराहरू र तिम्रो हृदयका कुराहरूलाई पछ्याऊ। तर यो याद राख् कि परमेश्वरले यी सबै कुराको लेखा लिनुहुन्छ" (उपदेशक ११:९)। " अब सबै कुरा सुनिएका छन्- कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो" (उपदेशक १२:१३)। "कुरा वा काममा जे-जे गर्छौं, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७)। "तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै" (कलस्सी ३:२३)।

हामीले आफूलाई परमेश्वर र उहाँको वचनप्रति समर्पित गर्दछौं भने हाम्रो अभिरुचिहरू, खाँचोहरू, अनुभवहरू र तालिमले हामीलाई सुहाउँदो काम अथवा पेशातिर डोऱ्याउँछ अथवा बोलावट दिन्छ। इसाई सेवा अथवा पूर्णकालिन सेवक बन्न उत्कट चाहना गर्ने व्यक्तिहरू (१ तिमोथी ३:१) र बाइबलीय योग्यताहरू भएका व्यक्तिहरूले (१ तिमोथी ३:२-७; तीतस १:५-९) सेवकाइ सुरु गर्नुभन्दा पहिले मोशाले जस्तो (प्रस्थान ३:१-१२) अथवा चेलाहरूले जस्तो (मत्ती ४:१७) बोलावटको प्रतिक्षा गर्नुपर्दैन (ती घटनाहरू विशेष र अपवादहरू हुन्)। परमेश्वरले अनुमति दिनुहुन्छ भने तिनीहरूले उत्साहसाथ त्यो गतिलाई पछ्याउनुपर्छ। यदि परमेश्वरसँग अर्कै योजनाहरू छन् भने पक्कै उहाँले तिनीहरूलाई फरक बाटोमा जान दिनुहुन्छ (प्रेरित १५:३६-४१ लाई प्रेरित १६:१-३ सँग तुलना गर्नुहोस्)!

यदि तपाईं मण्डलीमा अगुवा हुन चाहनुहुन्छ भने, पहिले मण्डलीले तपाईंलाई बोलावट दिनैपर्छ। कुनै व्यक्तिले आफूलाई मण्डलीको अगुवाको रूपमा आफै नियुक्त गर्न सक्दैन। बोलावटमा तीन वटा तत्वहरू हुन्छन्:

- परमेश्वरको वचन,
- तपाईंको हृदयमा पवित्र आत्माको अगुवाइ,
- र मण्डलीको तर्फबाट निमन्त्रणा (बोलावट)।

हाम्रो बोलावटभन्दा परमेश्वरसँगको हाम्रो व्यक्तिगत सम्बन्धलाई (हाम्रो बोलावट होइन) महसुस गर्नु महत्वपूर्ण छ। यसो गर्नु नै जीवनको पूर्णताको साँचो स्रोत र उद्देश्य हो। परमेश्वरलाई खोज्ने कुराभन्दा अलग रहन्छौँ भने उत्तम पेशा (बोलावट) पनि व्यर्थ हुन्छ।

४. आफ्नो हृदयमा शान्ति महसुस गर्नु

(१) गलत धारणा

यो कुराले मलाई शान्ति महसुस गराउँछ, त्यसैले यो परमेश्वरको इच्छा हो भनी म जान्दछु।

(२) सुधार

हाम्रो भावनाहरूमा हुने शान्ति भनेको हाम्रो कामहरू सही छन् भन्ने चेतना हो। तर हाम्रो हृदयमा हुने शान्तिको भावनाहरू सधैँ परमेश्वरको अगुवाइको राम्रो सङ्केत होइन। यदि हामीले शान्ति भनेको आफूले कुनै निर्णय गरिसकेपछि त्यो डर अथवा सन्देह अथवा द्वन्द्वबाट स्वतन्त्र भएको भावनाहरू हुन् भनी बुझ्दछौँ भने, त्यस किसिमको शान्ति सधैँ परमेश्वरको अगुवाइको सङ्केत हुँदैन! परमेश्वरले दिनुहुने शान्तिलाई हाम्रो मानवीय शान्त भावनाहरू अथवा हाम्रो कामहरू सही छन् भन्ने चेतानाको स्तरमा तल झार्न सकिँदैन।

परमेश्वरसँगको हाम्रो सम्बन्धमा हुने शान्तिचाहिँ परमेश्वरको नजरमा जे सही छ, सो गरेपछि आउने शान्त आत्मविश्वासको शान्ति हो। आत्मिकरूपमा साँचो ठहरिएका निर्णयहरूले पनि ठूलो चिन्ता-फिक्री ल्याउन सक्छ; जस्तै: भ्रष्टाचार अथवा अन्यायको विरुद्धमा खडा हुँदा त्यसपछि आउने परिणामहरूबारेको विचारले रातमा निद्रा आउँदैन।

बाइबलमा हेर्ने हो भने शान्ति भनेको प्राय: सधैँजसो परमेश्वरको सँगको हाम्रो सम्बन्धसँग जोडिएको हुन्छ।

- **परमेश्वरसँग हाम्रो सम्बन्धमा हुने शान्ति**

"यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ" (रोमी ५:१)। येशू ख्रीष्टले हाम्रो स्थानमा पूरा गर्नुभएको मुक्तिको कार्यको विश्वासले नै परमेश्वरसँगको हाम्रो सम्बन्धमा शान्ति ल्याउन सक्छ। यहाँ 'शान्ति' भनेको सदाको लागि परमेश्वरको सन्तान भएकोमा प्राप्त हुने गहिरो निश्चयता र विश्राम हो।

- **परमेश्वरको वचनसँगको सम्बन्धमा हुने शान्ति**

"धार्मिकताको फल शान्ति हुनेछ, र धार्मिकताको फलको नतीजाचाहिँ सदाको निम्ति शान्ति र भरोसा हुनेछ" (यशैया ३२:१७)। "शान्ति" भनेको परमेश्वरमा, परमेश्वरको वचनमा र वचनद्वारा परमेश्वरको अगुवाइमा पूर्ण भरोस गर्नु हो। परमेश्वरले तपाईंले के काम गर्न लगाउनुहुने हो, अथवा मानिहरूको विरोध, अथवा तपाईंको परिस्थितिहरूमा आउने कठिनाइहरूको कारणले गर्दा हुने अनिश्चयता अथवा भावनात्मक उथलपुथल "शान्ति" होइन। मेरो भावनाहरूमा शान्ति हुने होइन, तर परमेश्वरसँगको मेरो सम्बन्धमा हुने शान्ति नै परमेश्वरको अगुवाइको राम्रो सङ्केत हो।

- **परिस्थितिहरूसँगको सम्बन्धमा हुने शान्ति**

"जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ" (यशैया २६:३-४)। "हामी जान्दछौँ, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८)। यहाँ "शान्ति" भनेको परमेश्वरको सामर्थ्य र भलाइमा गरिने पूर्ण भरोसा हो, र यसद्वारा तपाईंको जीवनको सबै परिस्थितिहरूमा सबै मिलेर परमेश्वरको उत्तम योजनाको निम्ति काम गरेको देख्नु हो। शान्ति भनेको पवित्र आत्माको फल हो (गलाती ५:२२)।

५. बाइबल पद प्राप्त गर्नु

(१) गलत धारणा

परमेश्वरले मलाई बाइबलको पद दिनुभयो, त्यसकारण यो परमेश्वरको इच्छा हो भनी म जान्दछु।

(२) सुधार

परमेश्वरले कहिलेकाहिँ हाम्रो अवस्थासँग ठ्यक्कै मिल्ने विशेष बाइबल पदको प्रभावद्वारा हामीलाई अगुवाइ गर्नुहुन्छ। अथवा परमेश्वरले कहिलेकाहिँ अर्को तरिकामा उहाँले पहिले नै दिनुभएको बाइबल पदद्वारा हामीलाई उहाँको अगुवाइ पक्का गरारनुहुन्छ। तर हामीले यस किसिमको अगुवाइमा विषयगत तत्वलाई चिन्नैपर्छ।

बाइबल पदद्वारा परमेश्वरको अगुवाइमा हुने विषयगत तत्व
हामीले आफूलाई यसरी सोध्नैपर्छ:

- के यो परमेश्वर बोलिरहनुभएको हो अथवा मैले सुन्न चाहेको कुराहरू बाइबललाई बोल्न लगाउँदैछु?
- के परमेश्वरको इच्छा[56] पत्ता लगाउने हरू सिद्धान्तहरूले मेरो विचारहरूलाई पक्का गर्दछ अथवा तिनीहरूले त्यसको परिशुद्धतामाथि सङ्का उब्जाउँछ?
- म आफ्नो चाहनाहरूलाई पक्का गर्न उप्रेर मतिर आउने बाइबल पदहरू मात्र हेर्दैछु अथवा म बाइबलको सम्पूर्ण शिक्षाहरूलाई ध्यान दिँदैछु?
- म राशिफलको रूपमा, र तुरुन्तै परमेश्वरको इच्छा पत्ता लगाउने सजिलो तरिकाको रूपमा बाइबललाई दुरुपयोग गर्छु, अथवा म होसियारी साथ बाइबललाई व्याख्या गर्छु र मैले के जानेको, के विश्वास गरेको, के भएको र के गरेको परमेश्वर चाहनुहुन्छ भनी निर्धारण गर्छु?

कहिलेकाहिँ मानिसहरूले बाइबलमा भेट्टाएको प्रतिज्ञाहरूलाई आफ्नो भविष्यको विशेष निश्चयताको रूपमा अर्थ लगाउँछन्। अनि पछि तिनीहरूले अपेक्षा गरेजस्तो नभए पछि, तिनीहरू भ्रम र द्विविधामा पर्न थाल्छन् र बाइबलको विश्वासयोग्यतामाथि सङ्का गर्न थाल्छन्, र सायद आफ्नो प्रतिज्ञा गर्नुभएन भनी परमेश्वरलाई पनि आरोप लगाउँछन्। परमेश्वरले भन्नुभएको कुरालाई आफूले गलत किसिमले अनुवार गरेको र विशेष बाइबल पदमा उल्लेखित परमेश्वरको प्रतिज्ञालाई गलत किसिमले घोषणा गरेको कुरालाई महसुस गर्न तिनीहरू असफल हुन्छन्।

बाइबल पदद्वारा परमेश्वरको अगुवाइमा हुने वस्तुगत तत्व
धर्मशास्त्रलाई (अगमवाणीहरू, प्रतिज्ञाहरू, धम्कीहरू, आज्ञाहरू आदिलाइ) सही किसिमले व्याख्या गर्न दुई वटा उपयोगी प्रश्नहरू छन्:

- परमेश्वरले लक्षित गर्नुभएको श्रोता को हो? बाइबलको यस विशेष सत्यता "...
- "संसारको सबै मानिसहरूप्रति" लक्षित छ? (मर्कूस १:१५ सँग तुलना गर्नुहोस्) अथवा "उक्त खण्डमा उल्लेखित सबै मानिसहरूका लागि मात्र हो?" (प्रेरित १७:७ सँग तुलना गर्नुहोस्) (११-१४ पदहरूलाई मर्कूस १०:२१ सँग दाँज्नुहोस्),
- विशेष समूहतिर लक्षित छ कि? (यशैया ६:८-१०; मत्ती ८:११-१२ सँग तुलना गर्नुहोस्),
- विशेष समय अवधिप्रति लक्षित छ कि? (उत्पत्ति १७:९-१४; गलाती ६:१२-१५; हिब्रू ९:६-१०; हिब्रू १०:१-४ सँग दाँज्नुहोस्),
- विशेष अवस्थाप्रति लक्षित छ कि? (यर्मिया १८:१-१७; इजकिएल ३३:११-२०; प्रकाश २:७ सँग दाँज्नुहोस्)

- यो खण्डमा के कुरालाई जोड दिइएको छ?
- के यसले हामीले विश्वास गर्नैपर्ने सिद्धान्त सिकाउँदै छ? (यूहन्ना १४:६ सँग दाँज्नुहोस्),
- अथवा यसले हामीले पालना गर्नैपर्ने कार्यलाई आज्ञा दिँदैछ कि? (यूहन्ना १३:३४-३५ सँग दाँज्नुहोस्),

[56] निर्देशिका ४, पाठ ४३ सँत तुलाना गर्नुहोस्।

- अथवा हामीले पछ्याउनु पर्ने इतिहासको कुनै घटनालाई बताउँदैछ कि? (प्रेरित १७:११ सँग दाँज्नुहोस्)। इतिहासमा उल्लेखित खराब उदाहरणलाई पछ्याउनु हुँदैन। इतिहासको असल उदाहरणलाई पछ्याउन सकिन्छ, तर अरूहरूलाइ त्यसको निम्ति जबरजस्ती गर्नु हुँदैन।

६. परमेश्वरबाट सपना अथवा दर्शन पाउनु

(१) गलत धारणा

मैले सपना अथवा दर्शन देखेँ, त्यसकारण यो परमेश्वरको इच्छा हो भनी म जान्दछु।

(२) सुधार

परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुने कुरा तपाईंले होइन परमेश्वरले नै निर्धारण गर्नुहुन्छ।
परमेश्वरले कहिलेकाहिँ आश्चर्यपूर्ण अथवा भव्य (सानदार) तरिकाहरूद्वारा अगुवाइ गर्न सक्नुहुन्छ (गर्नुहुन्छ)।

- उहाँले आगो अथवा बादलको खाँबोद्वारा इस्राएलीहरूलाई डोऱ्याउनुभयो (प्रस्थान १३:२१)।
- उहाँले गधालाई बोल्न लगाएर अगमवक्तालाई डोऱ्याउनुभयो (गन्ती २२:२१-३३)।
- उहाँले तारको चालद्वारा ज्योतिषिहरूलाई डोऱ्याउनुभयो (मत्ती २:१-११)।
- उहाँले स्वर्गदूतलाई भेट्न पठाउनुभएर मरियमलाई डोऱ्याउनुभयो (लूका १:२६-३८)।
- उहाँले सपनाद्वारा योसेफलाई डोऱ्याउनुभयो (मत्ती १:२०-२१; २:१३-१४)।
- उहाँले दर्शनहरूद्वारा पत्रुस र कर्नेलियसलाई डोऱ्याउनुभयो (प्रेरित १०:१-६,९-१६)।

तैपनि, माथि उल्लेखित कुनै पनि व्यक्तिले परमेश्वरसँग चिन्ह मागेन! परमेश्वरले तिनीहरूमध्ये प्रत्येकलाई आफूलाई जे ठिक लाग्यो, त्यसरी नै डोऱ्याउनुभयो। यदि परमेश्वरले आफ्नो बुद्धिमा तपाईंलाई यस्तो आश्चर्यजनक अथवा सानदार अगुवाइको खाँचो छ भनी जान्नुभयो भने, अवश्य उहाँले तपाईंलाई त्यो दिनुहुनेछ। तर यदि तपाईंले निरन्तर परमेश्वरको अगुवाइको निम्ति त्यस्ता सानदार अथवा नाटकीय तरिकाहरू खोज्नुहुन्छ भने उहाँले सामान्यरूपमा आफ्नो इच्छा सञ्चार गर्नुहुने तरिकालाई तपाईंले गुमाउनुहुन्छ, जुन वास्तवमा बाइबलमा उल्लेखित उहाँको वचनद्वारा हो।

तपाईंले आफूलाई कुनै त्यस्ता भव्य तरिकाद्वारा डोऱ्याएको महसुस गर्नुहुन्छ भने तपाईंले त्यसलाई जाँच्नैपर्छ। तपाईंले कुनै सपना अथवा दर्शन प्राप्त गर्नुहुन्छ भने त्यसलाई बाइबलको स्पष्ट वस्तुगत आज्ञाहरू, निषेधाज्ञाहरू र शिक्षाहरूद्वारा जाँच गर्नैपर्छ। परमेश्वरले सपना अथवा दर्शनद्वारा जे प्रकट गर्नुहुन्छ, त्यो कहिल पनि बाइबलको प्रकाशसँग नमिल्ने अथवा विरोधाभासपूर्ण हुँदैन। यदि त्यस्ता कुराहरू बाइबलले बताउने कुरासँग विरोधाभासपूर्ण हुन्छ भने, त्यस्ता सपना अथवा दर्शन परमेश्वरबाट आएको हुँदैन (यर्मिया २३:१६,१८,२१-२२,२५-२९ सँग दाँज्नुहोस्)।

७. परमेश्वरबाट दण्ड पाउनु

(१) गलत धारणा

मेरो जीवनमा सबै किसिमका खराब कुराहरू आइपरेको हुनाले, पक्कै मैले गलत निर्णय अथवा केही गलत काम गरको हुनैपर्छ। त्यसकारण, म यो निष्कर्ष निकाल्छु, कि मैले परमेश्वरको इच्छा पछ्याइरहेको छैन र परमेश्वरले मलाई दण्ड दिँदैहुनुहुन्छ।

(२) सुधार

असल मानिसहरूलाई किन खराब कुराहरू आइपर्छन्?
मानिसहरूले परमेश्वरको अगुवाइलाई नपछ्याउँदा, तिनीहरूले के गर्न सक्छन्?

कहिलेकाहिँ इसाईहरूले आफ्ना पापहरूको परिणामस्वरूप दु:ख-कष्ट भोग्छन्।

हाम्रो कामहरू अथवा मनोवृत्तिहरू बाइबलमा प्रकट गरिएको परमेश्वरको इच्छासँग मेल नखाँदा, हामीले अप्रिय परिस्थितिहरू अनुभव गर्नसक्छौँ। आफ्नै इच्छामा गरिएका पापहरूले स्वीकार गरेर पश्चाताप गर्नाले परमेश्वरसँगको हाम्रो सङ्गति पुनर्थापित हुन्छ (१ यूहन्ना १:९)। तथापि, हाम्रो गलत निर्णय अथवा अनाज्ञाकारिताको सबै परिणामहरू हटाइनु जरुरी छैन (२ शमूएल ११ अध्यायमा दाऊदले बतशेबासँग पाप गर्छ, २ शमूएल १२:१-१३ मा उसको पश्चाताप र क्षमाको कुरा उल्लेख गरिएको छ; र तैपनि उसको उक्त पापको नाटकीय ढङ्गको परिणामहरू २ शमूएल १२:१४-४३ र २ शमूएल १३ अध्यायमा हामी देख्न सक्छौँ)।

जेजस्तो भए तापनि, यदि हामी परमेश्वरसँगको घनिष्ठ सङ्गतिमा हिँडिरहेका छौँ र बाइबलप्रति आज्ञाकारी हुन आफूलाई समर्पित गरेका छौँ भने, कहिलेकाहिँ हामी विश्वासतिर नबढेर परमेश्वरको इच्छा नपछ्याउनु अति कठोर कुरा हो।

प्राय: असल मानिसहरू अनि इसाईहरूमाथि खराब कुराहरू परिआउँछन्।

हामी तोडिएका मानिसहरूले भरिएको पतित संसारमा बस्दछौँ। यहाँ इसाई र गैर-इसाई दुवैको जीवनमा कठिनाइहरू, समस्याहरू, अत्याचार अनि सतावट, पीडा र दु:ख-कष्ट आउँछन् (उत्पत्ति ३:१६-१९)। इसाईहरू पनि बिरामी हुन्छन् (२ कोरिन्थी १२:७-१०; २ तिमोथी ४:२०) अथवा तिनीहरूले काम-व्यवसाय गुमाउनुपर्ने हुन्छ। आफ्नो परिवारको सदस्य परमेश्वरबाट तर्केर जाँदा, इसाईहरूले पीडाको महसुस गर्छन् (मत्ती २३:३७ सँग दाँज्नुहोस्)। इसाईहरूले जाँज र परीक्षाहरूमा दु:ख भोग्छन् (याकूब १:२-४) र त्यसैगरी तिनीहरू अत्याचार र सतावटमा पनि पर्छन् (मत्ती ५:११-१२; २ तिमोथी ३:१२)।

परमेश्वरका जनहरूले दु:ख-कष्ट भोग्छन् भन्ने पाठ अय्यूबको पुस्तकले सिकाउँछ। "परमेश्वरको भय राख्नेहरूलाई उहाँले आशिष् दिनुहुन्छ अनि भक्तिहीनलाई दण्ड दिनुहुन्छ" भन्ने धारणा अय्यूबसँग सुरुमा थियो। तर अन्तमा परमेश्वरप्रति आफ्नो धारण गलत रहेछ भनी उसले महसुस गऱ्यो र उसको दु:ख-कष्टको सन्दर्भमा परमेश्वरको तरिकाहरू र उद्देश्यहरू उसले पूर्णरूपमा पक्रन सकेन। अय्यूबले बिस्तारै यो कुरा महसुस गर्न थाल्यो, कि परमेश्वर पूर्णरूपमा सार्वभौम हुनुहुन्छ र उहाँले केही कुराहरू गर्नुहुन्छ अथवा केही कुरा हुन दिनुहुन्छ किनकि उहाँ परमेश्वर हुनुहुन्छ। मानिसहरूको दु:ख-कष्टको सम्बन्धमा अनि यद्यपि उहाँका अनुयायीहरूको दु:ख-कष्टको सम्बन्धमा परमेश्वरको सार्वभौम उद्देश्यहरू सिद्ध छ; चाहे तिनीहरूको यसको कुनै कारण देखून् अथवा नदेखून। यस विषयमा अय्यूबले यसरी घोषणा गरे, "तपाईं सबै कुरा गर्न सक्नुहुन्छ भनी म जान्दछु, तपाईंका कुनै योजना पनि बिफल गर्न सकिँदैन" (अय्यूब ४२:२)। पछि स्वर्गमा पुगेपछि मात्र हामीले घटेका हरेक कुराको के कारण थियो भनी स्पष्टसँग जान्नेछौँ।

तर परमेश्वर मात्र सार्वभौमसम्पन्न हुनुहुन्छ। उहाँ पवित्र, धार्मिक, दयालु र प्रेमिलो हुनुहुन्छ। उहाँसँग व्यक्तिगत सम्बन्ध कायम राख्नेहरूको लागि सबै थोक मिलेर भलाइ हुन्छ भनी उहाँले प्रतिज्ञा गर्नुभयो (रोमी ८:२८)।

आफूले आफैलाई जाँच्नु महत्वपूर्ण छ, तर हाम्रो वरिपरिका परिस्थितिहरू खत्तम हुँदा, हामी व्याकुल भएर मैले परमेश्वरको इच्छालाई पछ्याएको छैन भनी विचार गर्नुपर्दैन। त्यसो गर्नुको साटोमा हामीले आफूलाई परमेश्वरको इच्छामा समर्पित गरी यसो भन्न सक्छौँ, "मेरो इच्छा होइन प्रभु, तपाईंको इच्छा पूरा होस्" (मत्ती २६:३९)। अनि त्यसपछि परमेश्वरले आफ्नो सिद्ध इच्छाअनुसार गर्नुहुनेछ! परिस्थिति जस्तोसुकै भए तापनि निरन्तर परमेश्वर र मानिसहरूलाई प्रेम गर्दै हामी आफ्नो हृदयलाई परमेश्वरको उपस्थितिमा विश्राम गराउँछौँ। हाम्रो हृदय र सोच-विचारभन्दा परमेश्वर महान् हुनुहुन्छ र उहाँ हरेक थोक जान्नुहुन्छ। उहाँले हरेक परिस्थितिको 'किन' र 'कहिलेसम्म' भन्ने कुरा जान्नुहुन्छ (१ यूहन्ना ३:१८-२०)!